# पूर्वाञ्चल विश्वविद्यालय

परीक्षा व्यवस्थापन कार्यालय

विराटनगर, नेपाल

☎ ०२१-५३२०२२, ५३४८००
४४०१७३, ४४०१७४
फ्याक्स : ९७७-२१-५२८४९१
इमेल : puoemgt@wlink.com.np
वेबसाइट : www.puexam.edu.np


प.सं. :
च.नं. : ८३८/०७६-०७७

मितिः २०७६।१२।०४ गते

श्री क्याम्पस प्रमुखज्यू,
बी.एड.अध्यापन गराउने सम्पूर्ण कलेज/क्याम्पसहरु ।

**विषयः परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।**

उपरोक्त सम्बन्धमा पूर्वाञ्चल विश्वविद्यालयद्वारा २०७७ सालमा सञ्चालन हुने शिक्षाशास्त्र संकाय अन्तर्गत **चार वर्षे बी.एड. तेस्रो वर्ष नियमित तथा आंशिक (नयाँ पाठ्यक्रम), तीन वर्षे बी. एड. तेस्रो वर्ष आंशिक (नयाँ पाठ्यक्रम एवं पुरानो पाठ्यक्रम)** मा त्यस क्याम्पस/कलेजमा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई **परीक्षा आवेदन फाराम भराई यस कार्यालयको नविल बैंक लि.को CALL A/C 0706010310803 मा नियमानुसारको सम्बन्धन शुल्क एवं परीक्षा शुल्क** मिति २०७७।०१।०३ गते (**15 April 2020**) भित्र जम्मा गर्न अनुरोध गरिएको छ । तोकिएको उक्त मिति भित्र परीक्षा आवेदन फाराम भर्न छुट भएमा वा परीक्षा शुल्क जम्मा गर्न असमर्थ भएमा विलम्ब शुल्क रु.५००।- समेत जम्मा गरी मिति २०७७।०१।१० गते (**22 April 2020**) भित्र परीक्षा आवेदन फाराम भर्न र परीक्षा शुल्क जम्मा गर्न सकिनेछ । तत्पश्चात नियमानुसारको शुल्कहरु बैंक जम्मा गरेको सक्कल भौचर (ग्राहक प्रति) र परीक्षा फाराम क्याम्पस/कलेजको प्रतिनिधि मार्फत उपलब्ध गराई यस कार्यालयमा मिति **२०७७।०१।२१ गते भित्र दर्ता** गरीसक्नु पर्ने छ । तोकिएको मिति २०७७।०१।२१ गते भित्र यस कार्यालयमा परीक्षा फाराम उपलब्ध हुन नसकि दर्ता हुन नसकेमा त्यस्ता परीक्षा आवेदन फाराम उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउदै सम्वन्धित परीक्षार्थीहरुलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान ......यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । साथै तपसिल बमोजिमको निर्देशनहरु अनिवार्य रुपमा पालन गरि/गराई दिनुहुन समेत जानकारी गराईन्छ ।

१. परीक्षार्थीहरुले परीक्षा आवेदन फारममा भरेको विवरणको नाम, विषयहरु, र अन्य विवरण समेत पूर्णरुपले रुजू गरी Batch छुट्टयायी परीक्षार्थीको नामअनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई प्रत्येक Batch को छुट्टाछुट्टै अभिलेख तयारगरी पठाउनु पर्ने छ ।

२. **परीक्षा आवेदन फारममा प्रत्येक परीक्षार्थीले आफ्नो रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ । कुनै विद्यार्थीको रजिष्ट्रेशन सम्बन्धि कागजातहरु नपुग भई रजिष्ट्रेशन हुन नसेकमा त्यस्ता विद्यार्थीहरुको फाराम स्वीकृत हुने छैन ।**

**३. परीक्षा आवेदन फाराम भर्ने परीक्षार्थीले अनिवार्य रुपमा पाठ्यक्रममा उल्लेख भए बमोजिमको Entry Requirement पुरा गरेको हुनु पर्ने छ । Entry Requirement पुरा नगरी अटेर गरी परीक्षा दिलाएमा वा दिएमा त्यसको जिम्मेवारी कलेज र स्वयं परीक्षार्थीको हुने छ ।**

४. परीक्षा आवेदन फारममा रहेको तीन वटा फोटो मध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फारममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्ने र अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।

५. परीक्षा आवेदन फारमको पछाडि रहेको सम्बन्धित विद्यार्थीको हाजिरी प्रतिशत अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।

६. परीक्षा आवेदन फारममा लिखित तथा प्रयोगात्मक दुवै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरु समेत स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ । कुनै परीक्षार्थीले परीक्षा आवेदन फारममा कुनै विषय उल्लेख गर्न छुट भएमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन । अटेर गरी परीक्षा दिएको अवस्थामा परीक्षाफल रद्द गरिनेछ ।

७. परीक्षा आवेदन फारममा विषय गलत लेखी पठाएमा परीक्षा संचालन हुनुभन्दा कम्तीमा सात (७) दिन अगावै विषय सच्याउन प्रति विषय रु ४००।- यस कार्यालयमा बुझाउनु पर्ने छ । परीक्षा संचालन पछि विषय परीवर्तन हुने छैन ।

८. आन्तरिक मूल्याङ्कन को प्राप्ताङ्क कलेजले Online Entry गर्नुपर्ने छ । आन्तरिक मूल्याङ्कन परीक्षामा अनुतिर्ण र अनुपस्थित विद्यार्थीले परीक्षामा वस्न पाउने छैन । अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्द गरिनेछ ।

**९. परीक्षा शुल्क देहाय बमोजिम हुने छ-**

| विवरण | शुल्क |
|---|---|
| १. नियमित तथा आंशिक | रु. ७००।०० |
| २. सम्वन्धन शुल्क | रु. ३,०००।०० |
| ३. विलम्व शुल्क (तोकिएको म्याद समाप्त भएको ७ दिन भित्र मात्र) | रु. ५००।०० |

..................
परीक्षा नियन्त्रक